# गौमुखी गाउँपालिका
# आर्थिक वर्ष ०८२/०८३ को
# बजेट बक्तब्य
# २०८२ असार १० गते

गौमुखी गाउँपालिका गाउँसभाका आदरणीय सभाध्यक्ष ज्यु ।

गाउँसभाका सदस्य ज्यु हरु ।

राष्ट्रसेवक कर्मचारी ज्यु हरु ।

१. गौमुखी गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनमा गौमुखी गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकका हैसियतले यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष ०८२/०८३ को अनुमानित वार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. सर्बप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाको लागि भएका जनयुद्ध,जनआन्दोलन लगायत विभिन्न जनक्रान्तीहरुमा आफ्नो जीवन बलिदान गर्नुहुने महान सहिदहरु प्रती भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । संघर्षको क्रममा घाइते तथा बेपत्ता हुनुभएका योद्धाहरु प्रती उच्च सम्मान प्रकट गर्दछु ।

३. गणतन्त्र नेपालको संविधान २०७२ लागु भएपछीको दोस्रो स्थानीय तह निर्वाचन बाट जनप्रतिनिधिको रुपमा निर्वाचित भइ जिम्मेवारी ग्रहण गरेपश्चातको चौथो वार्षिक बजेट तर्जुमा गर्ने घडीमा हामी आइपुगेका छौं । आर्थिक,सामाजिक,भौतिक पुर्वाधार लगायतका क्षेत्रमा रहेका थुप्रै समस्या र आवश्यकताहरु एवं जनताका असीमित माग र चाहनाहरुलाई हामीसङ्ग प्राप्त

सिमित श्रोत साधनले सम्बोधन गर्नुपर्ने बाध्यताका बिच समस्याहरुको बस्तुनिष्ठ पहिचान र प्राथमिकिकरण  सहित उपलब्ध श्रोत साधनको अधिकतम सदुपयोग गर्दै गौमुखीबासीको जीवनस्तरलाई माथी उठाएर "समृद्ध गौमुखी खुसी गौमुखी बासी" को लक्ष्य प्राप्त गर्ने कार्यक्रम र योजनाहरुमा प्रस्तुत बजेट परिलक्षित हुनेछ ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४,नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारका नीति, कार्यक्रम,बजेट,मार्गदर्शन र निर्देशनहरु,अन्तर्गत सरकारी बित्त व्यबस्थापन ऐन २०७४, गौमुखी गाउँपालिका गाउँसभाले निर्माण गरेका विभिन्न ऐन, कानुनहरु, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, राजस्व परामर्श समितिको निर्णय तथा प्रतिवेदन,श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मार्गदर्शन,बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय, गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरु र स्थानीय राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, संघ संस्था र विभिन्न सरोकारवालाहरु बाट प्राप्त सुझावहरुलाई आधार बनाएको छु ।

**सभाध्यक्ष महोदय**

अब म गौमुखी गाउँपालिकाको चालु आर्थिक वर्ष ०८१/०८२ को आजको मिति सम्मको बजेट कार्यान्वयनको समिक्षा तथा आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्दछु ।

६. चालू आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा ४६ करोड ६३ लाख ८५ हजार खर्च हुने अनुमान गरेकोमा गौमुखी गाउँपालिका स्थानीय संचित कोषमा जम्मा ४३ करोड ४३ लाख ९८ हजार ६२१ प्राप्त भइ ३३ करोड ८० लाख ८३ हजार २४४ अर्थात ७२.४९% खर्च भएको छ ।

प्रक्षेपित अनुमान अनुसार स्थानीय संचित कोषमा ३ करोड २९ लाख ५१ हजार ३७८ रुपैयाँ प्राप्त हुन बाकी रहेको छ भने कोषमा ९ करोड ६३ लाख १५ हजार ३७७ मौज्दात रहेको छ ।

**सभाध्यक्ष महोदय ।**

अब म आर्थिक वर्ष ०८२/०८३ को बजेटको सिद्धान्त र प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

७) आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने एवं उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजना तथा कार्यक्रमहरु ।

८) जनताको जीवनस्तर,आम्दानी र रोजगारीमा वृद्धि गर्ने,स्थानीय जनसहभागीता जुट्ने,लागत कम लाग्ने,स्थानीय सीप र श्रोत साधनको अधिकतम प्रयोग हुने एवं महिला बालबालिका तथा पछाडि परेका बर्ग,क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने क्रियाकलापहरुलाई बजेटमा प्राथमिकता दिइनेछ ।

९) यसैगरी लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,दिगो विकास ,बाताबरणीय संरक्षण तथा सम्बद्र्धन गर्न टेवा पुर्याउने,सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने जस्ता योजनाहरुमा आवश्यक ध्यान दिन जरुरी देखिन्छ ।

१०) नेपालको संविधान २०७२ को अनुसूची ८ मा रहेका स्थानीय सरकारका एकल अधिकारका क्षेत्रहरुलाई कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत साधन,दक्ष जनशक्ति व्यवस्थापन र आवश्यक कानुनी प्रबन्धहरुका साथमा स्थानीय सरकारको क्षमता विकासमा ध्यान दिने, दक्ष,प्रबिधिमैत्री र चुस्त कर्मचारी

प्रशासनको माध्यम बाट सुशासन पर्बर्धन,छिटोछरिटो र नागरिकमैत्री सेवाप्रबाहको बातावरण तयार गर्ने उद्देश्यमा आगामी वर्षको बजेट लक्षित हुनेछ।

११) साधारण खर्चलाई कम गर्दै पुजि निर्माण गर्न विकास बजेट बढाउने,कृषि उत्पादन र पर्यटन पर्बर्धनका माध्यम बाट स्थानीय अर्थतन्त्रको विकास गर्दै जनताको जीवनस्तर माथी उठाउने । गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाका लागि नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने । अधुरा विकास आयोजनाहरुलाई पुर्णता दिने गुणस्तरीय पुर्वाधार निर्माण गर्ने,जनतालाई स्वच्छ खानेपानीको आपूर्ति गर्ने लगायतका महत्त्वपूर्ण योजनाहरु लाई आगामी वर्षको वार्षिक बजेटमा प्राथमिकता दिइनेछ ।

सभाध्यक्ष महोदय ।

अब म गौमुखी गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८२/०८३ को वार्षिक बजेटका मुख्य क्षेत्रगत बिनियोजन एवं कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## आर्थिक विकास क्षेत्र

१२) कृषि क्षेत्रको व्यवसायीकरण,आधुनिकीकरण र यान्त्रिकिकरण गर्दै आन्तरिक उत्पादनलाई वृद्धि गर्दै आत्मनिर्भरता तर्फ उन्मुक्त हुने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्धारित योजना र कार्यक्रमहरुमा बजेट बिनियोजन गरिएको छ ।

१३)"एक घर एक फलफूलको बोट" अभियान संचालन गर्ने बजेट व्यवस्था गरिएको छ । सहभागी संस्था सङ्गको सहकार्यमा "एक घर एक करेसाबारी" कार्यक्रम संचालन गरिनेछ । बाली तथा पशुबिमा,स्थानीय उत्पादनको बजारीकरणका लागि कृषि हातबजार र जिल्लाको प्रमुख ब्यापारीक केन्द्र

बिजुवारमा कृषि उपज बिक्रीकेन्द्र स्थापनाका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१४) किसानलाई उत्पादनका आधारमा अनुदान दिने व्यवस्थाका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । कोदो,फापर लगायतका रैथाने बालीहरुको संरक्षण एवं प्रबद्र्धन,पशुजन्य उत्पादनमा वृद्धिका लागि भकारो सुधार कार्यक्रम संचालन गरिनेछ भने गाउँपालिकाका भेडापालक किसानहरुलाई भेडीगोठालोका लागि अनुदानको व्यवस्था सहित भेडा पर्बर्धन कार्यक्रम संचालन गर्न बजेट प्रबन्ध गरिएको छ ।

१५) गौमुखी लाई "फुलैफुलको गाउँपालिका" बनाउन पुष्प खेती पर्बर्धन कार्यक्रम संचालन गरिनेछ । गाउँपालिकामा आयातित पलाष्टिकजन्य खादामालाको सट्टा प्राकृतिक फुलको माला प्रयोग गर्न हरेक घर,सर्बजनिक संस्था र स्थलहरुमा फुल रोप्ने कार्यक्रम संचालन गरिनेछ ।पुष्प खेती पर्वद्धन गर्न आवश्यक बजेट प्रबन्ध गरिएको छ।

१६) कृषक सङ्ग प्राबिधिक कार्यक्रम मार्फत कृषकको खेतबारीमा कृषि तथा पशुसेवा प्राबिधिकहरु पुगेर भ्याक्सिनेसन,पशु बाझोपन निवारण,आहारा व्यवस्थापन,माटो परिक्षण,बाली तथा पशु उपचार,पशुहरुमा कृत्रिम गर्भाधान,परजीवी एवं ढुसी नियन्त्रण लगायतका कृषि तथा पशुपन्छी सम्बन्धि सेवाहरुलाई प्रभावकारी बनाउन आवस्यक बजेट बिनियोजन गरिएको छ ।

१७) आगामी आर्थिक वर्ष गौमुखी गाउँपालिका लाई तरकारीमा आत्मनिर्भर बनाउने लगायतका कृषि र पशुपन्छी विकासका क्षेत्रमा ५० लाख बजेट खर्च हुने व्यवस्था गरिएको छ ।

१८) गौमुखी क्षेत्रको पर्यटन विकासका माध्यम बाट यहाँका जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ घोषणा गरिएको

गौमुखी भ्रमण वर्ष २०८२ लाई सफल पार्न रु ३४ लाख बिनियोजन गरिएको छ ।

गौमुखी पर्यटन महोत्सव,पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार र पर्बर्धन,प्रत्यक वडाहरुमा पर्यटन सम्बन्धि कृयाकलापहरु संचालन गरि भ्रमण वर्षमा कम्तीमा १ लाख आन्तरिक तथा बाह्य पर्यटकहरुलाई गौमुखीका पर्यटकीय क्षेत्रहरुमा घुमाउने अभियान संचालन गरिनेछ ।

१९) "बेरोजगारलाई रोजगार, उत्पादनलाई बजार" भन्ने नारालाई सार्थक बनाउन रोजगार सृजना गर्ने कामका लागि संघीय सरकारबाट प्राप्त ३१ लाख ७२ हजार त्यतिकै रकम थप गरी रोजगार शाखा मार्फत ६३ लाख ४४ हजार बजेट खर्च गर्ने व्यवस्था मिलाएको छु। लघु उद्यम विकास कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।लोक संस्कृति संरक्षण कार्यक्रमको लागि रु ५ लाख सरकारी प्रवर्धनका लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ। गरिबी निवारण कोषले स्थापन गरेका सामुदायिक संस्थाहरुमा रहेका घुम्ती कोषलाई आवश्यक कार्यविधि बनाई परिचाल गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु। गाउँपालिकाले सञ्चालन गर्ने आर्थिक विकास क्षेत्रका आयोजना र कार्यक्रमहरु मा कुल बजेटको ४.२५% रकम खर्च अनुमान गरिएकोछ।

## सामाजिक विकास क्षेत्र

२०) गौमुखी गाउँपालिकाले निर्माण गरेको गाउँ शिक्षा योजनालाई प्रभावकारी कार्यान्वयन गर्न विभिन्न क्रियाकलापहरुमा आवश्यक बजेट प्रबन्ध गरिएको छ। सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गर्न शिक्षण सिकाई अनुदानका लागि रु १ करोड ४० लाख बजेट विनियोजन गरिएको छ। यसै गरी बालविकास सहजकर्ता, विद्यालय सहायक, कार्यालय सहयोगीहरुलाई संघीय सशर्त अनुदाबाट

प्राप्त तलब भत्तामा थप गरी न्युनतम मासिक १५ हजार पुऱ्याउन ५९ लाख २८ हजार बजेट विनियोजन गरिएको छ।

२१) आगामी आर्थिक वर्षमा गौमुखी गाउँपालिका भित्र निर्माणाधीन अवस्थामा रहेका विद्यालय भवनहरुलाई सम्पन्न गर्ने गरी आवश्यक बजेट प्रबन्ध गरिएको छ।

२२) हाम्रो गौमुखी विषयको कक्षा १ देखी ८ सम्मको स्थानीय पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक तयार गरी लागु गर्न आवश्यक पर्ने बजेट प्रबन्ध गरिएको छ। प्रत्येक माध्यमिक विद्यालयमा ईस्टाउट गठन गर्ने, विद्यालयहरुमा विज्ञ सेवा प्रदान गर्ने, माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई आई.सी.टी. सम्बन्धी तालिम प्रदान गर्ने, परीक्षालाई गुणस्तरीय बनाउन, परीक्षा समितिको क्षमता विकास गर्ने, विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा वि.व्य.सको भुमिकालाई प्रभावकारी बनाउने लगायतका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

२३) विषयगत शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरु, सामुदायिक विद्यालयहरुबाट प्रदान हुने शिक्षाको गुणस्तर सुधार गर्न वि.व्य.स अध्यक्ष र प्रधानाध्यापकलाई विद्यालय सुधार कार्ययोजनाका आधारमा कार्यसम्दान सम्झौता, नियमित प्र.अ बैठक, क्यालेण्डरका आधारमा शैक्षिक गतिविधि सञ्चालन, उत्कृष्ठ शिक्षकहरुलाई पुरस्कार, शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान गर्ने लगायतका योजनाहरुमा आवश्यकता अनुसार बजेट प्रबन्ध गरिएको छ।

२४) भलिबल खेलको माध्यबाट गौमुखीलाई राष्ट्रिय स्तरमा चिनाउन भलिबल खेलको प्रवर्धन तथा गाउँपालिका स्तरीय प्रतियोगिताहरु आयोजना गरी खेलाडीहरु उत्पादन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। गाउँपालिकामा भलिबल खेल एकेडेमी स्थापन गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु ।

२५) राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई खेल प्रतिभा उत्पादन र पहिचान गर्ने थलोको रुपमा विकास गरिनेछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थरमा गौमुखीको नाम गरिमा र प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने खेलाडीहरुलाई विशेष सम्मान र कदर गरिनेछ। गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता आयोजना गर्न रु ८ लाख बजेट विनियोजन गरेको छु ।

२६) गौमुखी गाउँपालिका स्तरमा चिकित्सकीय सेवालाई जनताको घर-घरमा पुऱ्याउन "हरेक महिनामा डाक्टर जनताको दैलोमा" कार्यक्रम सञ्चालन गरिनेछ। संस्थागत सुत्केरी सेवा प्रोत्साहन र मातृ शिशु स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले **"सुत्केरी पोषण कोशेली कार्यक्रम"** सञ्चालन गर्न बजेट प्रबन्ध गरिएको छ।

२७) ७० वर्ष भन्दाका ज्येष्ठ नागरिक, अशक्त तथा बेसाहारा नागरिकलाई लक्षित गरी वडा तहमै घुम्ती विशेषज्ञ सेवा सञ्चालन आधारभूत स्वास्थ्य सेवा केन्द्र र बर्थिङ्ग सेन्टरहरु बाट सुरक्षित प्रसुती सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । चौबिसै घण्टा सुरक्षित प्रसुती सेवा सञ्चालनका लागि दक्ष जनशक्ति एवमं उपकरणहरुका लागि आवश्यक बजेट प्रबन्ध गरिएको छ। पूर्ण सुरक्षित मातृ शिशु सेवायुक्त गाउँपालिका घोषणालाई दिगो र सुनिश्चित बनाई राख्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२८) १५ सैयाको गौमुखी आधारभूत अस्पताल निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ। नागरिक आरोग्य केन्द्र, प्राथमिक आँखा उपचार केन्द्र लगायतका स्वास्थ्य सेवालाई एकिकृत रुपमा सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ।

२९) नागरिकलाई "मुल देखि मुख सम्म स्वच्छ र सुरक्षित पिउने पानी" उपलब्ध गराउन एक घर एक खानेपानी धारा निर्माणको अभियानलाई आगामी आर्थिक

वर्ष सार्थक रुपमा सञ्चालन गरिनेछ। नेपाल स्वास्थ्यको लागि पानी **"नेवा"** सँगको साझेदारीमा विभिन्न खानेपानी आयोजनाहरु सम्पन्न गर्न ३ करोड ७२ लाख बजेट खर्च हुनेछ यसको लागि गाउँपालिकाको तर्फबाट समपुरक साझेदारीको रुपमा १ करोड बजेट विनियोजन गरिएको छ। गत वर्ष देखि संघीय विशेष योजनाको रुपमा अगाडी बढेको नारीकोट लिफ्ट खानेपानी योजनाका लागि आगामी आर्थिक वर्षमा २ करोड ५० लाख बजेट प्रबन्ध गरिएको छ। संघीय र प्रदेश सरकार संगको सहकार्यमा गाउँपालिका भित्रका विभिन्न खानेपानी आयोजनाहरुलाई सम्पन्न गर्न आवश्यक बजेट प्रबन्ध गरिएको छ।

३०) महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती लगायत लैङ्गिक समानता तथा समाजिक समावेशीकरण सम्बन्धित नितिले लक्षित वर्ग भनी पहिचान गरेका समुदायको हित, सशक्तिकरण र मुल प्रावाहिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। महिला उद्यमी प्रोत्साहन कार्यक्रम, महिला कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकास, भान्सा सुधार कार्यक्रम, महिलाहरुलाई सिप विकास/ब्यूटी पार्लर तालिम, अचार बनाउने तालिम, आय आर्जन कार्यक्रम, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान लगायतका क्रियाकलापहरु सञ्चालन गर्न २० लाख बजेट विनियोजन गरेको छु।

३१) अनाथ तथा अभिभावक विहिन बालबालिका लक्षित कार्यक्रम, बालमैत्री स्थानीय शासन सम्बन्धि कार्यक्रम, बाल विवाह न्युनिकरण कार्यक्रम समुदायमा आधारित अपाङ्गता उत्थान कार्यक्रम, अपाङ्गता सहायक सामग्री वितरण कार्यक्रम, दलित युवाहरुलाई सिप विकास कार्यक्रम, जातिय भेदभाव र छुवाछुत विरुद्धको सचेतना कार्यक्रम, आदिवासी जनजाति युवाहरुलाई सिप विकास कार्यक्रम, विपन्न ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम लगायतका लक्षित वर्ग संग सम्बन्धित कार्यक्रमहरुका लागि रु २० लाख बजेट प्रबन्ध गरेको छु।

३२) एक घर एक सिपयुक्त जनशक्तिको लक्ष्य अनुसार गतवर्ष देखि सञ्चालन भएको कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न सिपमुलक तालिम शीर्षकमा १५ लाख बजेट विनियोजन गरिएको छ।

३३) सम्भावित जोखिम न्युनिकरणका लागि गौमुखी गाउँपालिका भित्रका सम्पूर्ण आवासीय घरहरुको निःशुल्क बिमा गरिनेछ। बाढी, पहिरो, आगलागि, भुकम्प जस्ता सम्भावित विपदजन्य घटनाहरुका कारण हुने क्षेतिबाट राहत, पुनःनिर्माण र पुनःस्थापनाका लागि घर बिमा कार्यक्रममा सबै घरधुरीहरुलाई आबद्ध गरिनेछ। घर बिमा कार्यक्रमका लागि रु १५ लाख बजेट प्रबन्ध गरेको छु । गाउँपालिका सञ्चालन गर्ने सामाजिक विकास क्षेत्रसंग सम्बन्धित आयोजना तथा कार्यक्रम ५१.८७% खर्च हुने अनुमान गरिएको छ।

## पूर्वाधार क्षेत्र

३४) विगत वर्षहरुमा कार्यान्वयन प्रारम्भ भई सम्पन्न हुन नसकेका अधुरो आयोजनाहरुलाई सम्मन्न गर्न रु १ करोड बजेट विनियोजन गरिएको छ। अधुरा योजनाहरुलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य हासिल गर्न उपरोक्त बजेट खर्च हुनेछ।

३५) गौमुखी क्षेत्रको मुख्य सडकको रुपमा रहेको गौमुखी सिमादेखी बाग्लुङ्गको सिमा सम्मको सडक दुवै सिमा तर्फबाट स्तरोन्नति गर्ने कार्य आगामी आर्थिक वर्षबाट बहुवर्षिय योजनाका रुपमा प्रारम्भ हुनेछ। यस सडकको आराबारे अर्खा लिवासे खण्डलाई संघीय समपुरक अन्तर्गत रु १ करोड ३० लाख र हरियाखोला

लिवासे सडक खण्डलाई प्रदेश समपुरक अन्तर्गत १ करोड २५ लाख बजेट व्यवस्था गरिएको छ।

३६) सिरुङ्गखोला रजवारा लामिबगर दहबसे सडकको लागि रु ३० लाख, झारबाङ्गखोला कुद्र ठुलाचौर बाईसमुल प्रा.वि. सडकको लागि रु २५ लाख, लिवाङ्ग जुलीखोला देखि कोट सम्मको मोटर बाटोको लागि १५ लाख, पन्ध्रमुरे देखि लिवाङ्ग फेदी झोलुङ्गे पुलसम्म मोटर बाटोका लागि ५ लाख, गाउँपालिका केन्द्र कम्पाउन्ड घेराबार, गेट र जग्गा दाताको ईस्टयाचु निर्माण आयोजनाका लागि रु १० लाख बजेट विनियोजन गरिएको छ।

३७) गाउँपालिका भित्रका अत्यावश्यक झोलुङ्गे पुलहरु निर्माण कार्य संघीय सरकारसंगको सहकार्यमा अगाडी बढाईनेछ। सम्झोता भएका बाग्लिबाङ झो.पु., तिखाचुली जिन्जाकोट झो.पु र दोभानखोला झो.पु, निर्माण कार्यलाई सम्पन्न गरिनेछ।

३८) आगामी आर्थिक वर्षभित्र गौमुखी गाउँपालिका सबै घरधुरीहरुमा केन्द्रीय प्रसारण लाईनको विद्युत पुऱ्याईनेछ। नेपाल विद्युत प्राधिकरण संगको सहकार्यमा विद्युत लाईन विस्तार सम्बन्धी कार्य गरिनेछ। साथै निर्मित लघुजलविद्युत आयोजनाहरुको संरक्षण, मर्मत संभार गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ। गाउँपालिका सञ्चालन गर्ने पूर्वाधार विकास संग सम्बन्धित आयोजना र कार्यक्रमहरुका लागि २३.६४% रकम खर्च हुने अनुमान गरिएको छ।

## वन तथा वातावरण

३९) सामुदायिक वनसंगको सहकार्यमा वन संरक्षण वृक्षारोपण, जडीबुटी संरक्षण, जैविक विविधता संरक्षण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ। गाउँपालिका

स्तरमा विपद जौखिम व्यवस्थापनका लागि रु २० लाख बजेट विनियोजन गरिकएको छ।

४०) ठूलावेसी लगायत विभिन्न बजार क्षेत्रहरुको फोहर मैला व्यवस्थापनका लागि स्थानीय संघ-संस्थासंगको सहकार्यकमा फोहर मैला व्यवस्थापन कार्य सञ्चालन गर्न आवश्यक बजेट प्रबन्ध गरिएको छ।

## सुशासन तथा संस्थागत विकास

४१) गाउँपालिका प्रवाह गर्ने सेवालाई चुस्तदुरुस्त, पारदर्शी र विश्वसनीय बनाउँदै सुशासन कायम गर्न, नागरिक वडापत्र सर्वाजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो सुनुवाई जस्ता क्रियाकलापहरुलाई प्रभावकारी बनाईनेछ। गाउँपालिकाको एकीकृत आवधिक योजना र विषयक्षेत्रगत गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ। गाउँपालिका बाट सञ्चालित योजनाहरुलाई प्रभावकारी रुपमा नतिजा सुचक एवमं समबद्ध रुपमा अनुगमन र मुल्याङ्कन गरिनेछ। वार्षिक खरिद योजना निर्माण, आवधिक योजना निर्माण जस्ता नितिगत सुधारका लागि आवश्यक बजेट प्रबन्ध गरिएको छ।

४२) बेरुजु न्युनिकरण र वित्तिय सुशासन कायम गर्न सार्वजनिक लेखा समिति आन्तरिक लेखा प्रणाली जस्ता संयन्त्रहरुलाई प्रभावकारी बनाईनेछ। गाउँपालिकामा कायम रहेको बेरुजुलाई फछ्यौंट गर्न आगमी आर्थिक वर्ष २०८२/०८३ लाई बेरुजु फछ्यौंटको रुपमा विभिन्न क्रियाकलापाहरु सञ्चालन गरिनेछ।

४३) उपभोक्ता समितिको क्षमता विकास कर्मचारीहरुको क्षमता विकास सेवाप्रावाह प्रणालीको सुदृढीकरण, कर्मचारीहरुको तलब, सेवा सुविधा लगायत

गाउँपालिकाको चालु र प्रशासनिक कार्य सञ्चालन गर्न ७ करोड ८९ लाख ६२ हजार बजेट प्रबन्ध गरिएको छ।

## न्यायिक समिति

४४) "विवादको साटो मेलमिलापको बाटो" भन्ने मर्मलाई आत्मासात गर्दै न्यायमा सर्वसाधारणको पहुँच अभिवृद्धि, मेलमिलापका माध्यमबाट सामाजिक सदभाव, एकता र दिगो शान्ति स्थापना गर्न मेलमिलाप कर्ताहरुको क्षमता विकास सुमुदायमा न्यायिक/कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्न रु २० लाख बजेट प्रबन्ध गरेको छु ।

## राजस्व सम्बन्धि कार्यक्रम

४५) सभाध्यक्ष महोदय अब म गौमुखी गाउँपालिकाको राजश्व नीति प्रस्तुत गर्न चाहान्छु ।

स्थानीय कर प्रणालीलाई उत्पादन वृद्धि र सामाजिक न्याय तथा समृद्धि हासिल गर्ने उद्देश्य सङ्ग एकाकार गरिएको छ । गाउँपालिकाको राजश्व सुधार योजना निर्माण गरी स्थानीय सरकारको अधिकार क्षेत्र भित्रका करको दायरा फराकिलो बनाउदै आन्तरिक राजस्व वृद्धि गर्न स्थानीय आर्थिक नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ । नदीजन्य पदार्थबाट संकलन भएको राजश्व बिभाज्य कोषमा जम्मा गरि ६० प्रतिसत स्थानीय संचित कोष र ४० प्रतिसत लुम्बिनी प्रदेश संचित कोषमा जम्मा हुने व्यवस्था मिलाइनेछ । आगामी आर्थिक वर्षको श्रावण १ गतेदेखि लागुहुने स्थानीय करको दर सम्बन्धि व्यवस्था र बिनियोजन शिर्षकहरुलाई बजेट बक्तव्यको आर्थिक ऐनको अनुसूचीहरुमा उल्लेख गरिएको छ ।

४६) गाउँपालिकाको कर सम्बन्धी नीति आर्थिक ऐन र विषयक्षेत्रगत बजेट बाँडफाँड आय व्यय अनुमान समावेश विनियोजन ऐनलाई बजेट व्यक्तवको अनुसूचीमा समावेश गरिएको छ।

**सभाध्यक्ष महोदय ।**

गाउँसभामा सदस्य ज्यु हरु

अब म गौमुखी गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको पहिलो बैठक बाट पारित भइ यहाँ उल्लेखित गौमुखी गाउँपालिकाको आर्थिक वर्ष ०८२/०८३ को वार्षिक नीति, कार्यक्रम र योजनाहरु कार्यान्वयन गर्न आवस्यक बजेटको श्रोत अनुमान प्रस्तुत गर्दछु ।

आगामी वर्षको नीति कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ५० करोड १ लाख ३७ हजार ४८४ खर्च हुने अनुमान गरेको छु ।

खर्चहुने श्रोत व्यवस्थापन तर्फ

संघीय समानिकरण अनुदान रु ९ करोड ५० लाख , संघीय राजश्व बाडफाड बाट रु, ९ करोड ७६ लाख ३७ हजार ४८४ , संघीय सशर्त अनुदानको चालू तर्फ २१ करोड ११ लाख र पुजिगत तर्फ १ करोड ८५ लाख गरि २२ करोड ९५ लाख, संघीय विशेष अनुदान २ करोड ५० लाख ,संघीय समपुरक अनुदान ९१ लाख, प्रदेश समानिकरण अनुदान ६१ लाख, प्रदेश सशर्त अनुदान ८० लाख, प्रदेश बिशेष अनुदान २० लाख,प्रदेश समपुरक अनुदान ७५ लाख प्रदेश राजस्व बाडफाड बाट ५५ लाख प्राप्त हुने अनुमान गरेको छु ।

गौमुखी गाउँपालिकाको आन्तरिक आम्दानी रु,१ करोड १० लाख संकलन हुने अनुमान गरिएको छ भने उपरोक्त श्रोत बाट अपुग हुने दायित्व चालू आर्थिक

वर्षमा खर्च हुन नसकी बचत भएको रकम बाट ब्यहोर्ने व्यबस्था मिलाएको छु ।

गाउँसभाका सभाध्यक्ष ज्यु ।

गाउँसभाका सदस्य ज्यु हरु ।

राष्ट्रसेवक कर्मचारी साथीहरू ।

गौमुखी गाउँपालिकाले लिएका नीति एवं तय गरिएका योजना र कार्यक्रमहरुको सफल एवं प्रभावकारी कार्यान्वयनले मात्रै हाम्रो निर्धारित लक्ष्य प्राप्त हुन सक्नेछ । हाम्रा नीति,कार्यक्रम र बजेटको अन्तिम उद्देश्य भनेको नागरिकको हित,विकास र समृद्धि नै हो । यही उद्देश्य तर्फ परिलक्षित नीति,कार्यक्रम र बजेटको सफलतापुर्बक कार्यान्वयन गर्न सबैको भुमिक अपेक्षित छ ।

**अन्तमा**

गौमुखी गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि नेतृत्व एवं मार्गदर्शन गर्नुहुने गौमुखी गाउँपालिकाका आदरणीय अध्यक्ष ज्यु,गाउँ कार्यपालिकाका सदस्य ज्यु हरु,गाउँसभाका सदस्यज्यु हरु,प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत राष्ट्रसेवक कर्मचारीहरु,सुझाव र पृष्ठपोषण प्रदान गर्नुहुने विभिन्न राजनीतिक दल,निजिक्षेत्र ,संचारकर्मी लगायत आम गौमुखीवासी दिदीबहिनी,दाजुभाइहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु र प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबैपक्ष सङ्ग सहयोग एवं सहकार्यको आव्हान गर्दछु ।

धन्यावाद ।

जय गौमुखी ।